STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ६२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत ३ गते बिहीबार ❑ 17 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## कुनै पनि हालतमा कालीगण्डकी डाईभर्सन हुन दिँदैनौँ : मुख्यमन्त्री पोखेल

**पोखरापत्र संवाददाता**
**वालिङ २ चैत**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखेलले कुनै पनि हालतमा कालीगण्डकी डाईभर्सन हुन नदिने बताउनुभएको छ।

स्याङ्जाको चापाकोट-८ खोरियाघाटमा जगदगुरु अनन्त श्री विभुषित श्री बालसन्त मोहनशरण देवाचार्य महाराजश्रीद्वारा जगदगुरु श्री निम्बार्काचार्य भगवान, विरचित बेदान्त दशश्लोकी माथि दार्शिनिक प्रवचन कार्यक्रममा मुख्यमन्त्री पोखेलले कालीगण्डकी सभ्यताको संरक्षणका लागि पनि डाईभर्सन हुन नदिने उल्लेख गर्नुभयो । 'कालीगण्डकी नदी अन्य नदीजस्तो होइन, यसको छुट्टै महत्व र विशेषता छ', उहाँले भन्नुभयो, 'कालीगण्डकी हाम्रो सभ्यता, आस्था, भावना र



शालीग्रामसँग जोडिएको छ।'

नेपाली कांग्रेसले गण्डकी प्रदेशमा यसअघि प्रतिपक्षमा रहँदा पनि डाईभर्सन हुन नदिने आवाज उठाएको र अहिले सरकारमा हुँदा पनि सोही धारणा रहेको उहाँले बताउनुभयो।

'गण्डकी प्रदेशको उन्नति र विकासको महत्वपूर्ण आधार पर्यटन हो', मुख्यमन्त्री पोखेलले भन्नुभयो, 'धार्मिक र सांस्कृतिक आस्थाको रुपमा रहेको यस नदीको सभ्यतासँगै बृहत्तर योजनाका बारेमा अध्ययन गर्नका लागि गठबन्धनको सरकार बनेसँगै कार्यदल बनेको छ, कार्यदलले दिएको प्रतिवेदनका आधारमा आगामी वर्षदेखि थप योजना बनाउँछौँ ।' कालीगण्डकीको उद्गमस्थल दामोदर कुण्डदेखि गजेन्द्रमोक्ष धामसम्मकाबीचमा रहेका धार्मिक एवं सांस्कृतिक महत्वका स्थलको विकास र विस्तार गर्दै अगाडि बढ्ने उहाँले बताउनुभयो। उहाँले कालीगण्डकी नदीलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्नका लागि गण्डकी प्रदेश सरकारले बृहत्तररुपमा नीति तथा योजना ल्याउने बताउनुभयो।

सोही कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य भागवतप्रकाश मल्लले कालीगण्डकी उपत्यकाको विकास र विस्तारका लागि कालीगण्डकीमाथि पक्की पुल बन्ने क्रममा रहेको बताउनुभयो । उहाँले धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले कालीगण्डकी बैंसीको प्रचुर सम्भावना रहेकाले यसको विकासका लागि गुरुयोजनानिर्माणभइरहेकोउल्लेख गर्नुभयो।

## बेमौसममा पनि पोखराको सडकमा भ्वाङ

**पोखरापत्र संवाददाता**
**पोखरा २ चैत**

बेमौसममा पनि पोखराको सडकमा भ्वाङ परेको छ । पोखरा महानगरपालिका कार्यालय अगाडिको अस्फाल्ट सडकमा बुधबार दिउँसो भ्वाङ परेको पोखरा महानगरका प्रवक्ता धनबहादुर नेपालीले बताए।

बेमौसममा पोखराको सडकमा परेको भ्वाङ हाल खनेर अनुसन्धान भई रहेको उनले जनाए । प्रायः भलपानी र बर्षादको मौसममा पोखराका विभिन्न ठाँउमा सिंक होल्ड (भ्वाङ) पर्ने भए पनि हाल पोखरामा बेमौसममा परेको भ्वाङले आफुहरुलाई थप चुनौती भएको प्रवक्ता नेपालीले बताए।



बेमौसममा पनि पोखराको सडकमा भ्वाङ पर्नु कुनै कुनै अनौठो कुरा नभएको भुर्गवविद् डा.कृष्ण केसीले बताए । पोखराको सडक भित्र ढल पानी पसी माटो बगाएर खोक्रो भएको कारण बेमौसममा पनि सडक भासिएको हुन सक्ने उनको दाबी छ। पोखराको नदीपुरदेखि महेन्द्रपुल, चिप्लेढुंगा, न्यूरोड, नयाँबजार, छोरपाटन लगायतको क्षेत्रमा सिंक होल(भ्वाङ) पर्ने समस्या भएको डा. केसीले जनाए।

उक्त क्षेत्रमा भ्वाङ परेको दृश्य हेर्न बुधबार ठुलो संख्यामा केही समय भिड नै लागेको थियो । पोखरा महानगरलेको जेसिभी लगाएर भ्वाङ खनिएको छ।

## 'लाइफ एण्ड डेथ' को सवाल छ, सम्पूर्ण तागत निर्वाचनमा केन्द्रित गरौँ- अध्यक्ष दाहाल

**रासस**
**काठमाडौं २ चैत**

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजनीतिक उपलब्धि रक्षाका लागि आगामी निर्वाचनमा पार्टीले श्रेष्ठता हासिल गर्नुको कुनै विकल्प नभएको बताउनुभएको छ।

उपत्यका विशेष, सम्पर्क समन्वय र प्रवास प्रदेश समितिको राजनीतिक-वैचारिक प्रशिक्षणलाई सम्बोधन गर्दै उहाँले आगामी निर्वाचन पार्टीका लागि जीवन मरणको लडाईं भएकाले सम्पूर्ण तागत निर्वाचनमा केन्द्रित गर्न आग्रह गर्नुभयो । राष्ट्रिय स्वाधीनताको रक्षा, मुलुक र जनताको समृद्धि माओवादीबाट मात्रै सम्भव भएको उल्लेख गर्दै उहाँले माओवादीले देशलाई दुर्घटनाबाट बचाउन अवलम्बन गरेका नीतिलाई जनतामाझ बुझाउन व्यापक जनपरिचालन आवश्यक रहेको बताउनुभयो। विपक्षीले यसअघिका निर्वाचनका क्रममा अनेक हत्कण्डा अपनाएर नतिजा आफ्नो पक्षमा पार्दै आएको स्मरण गराउँदै उहाँले त्यस्ता प्रवृत्तिको प्रतिवाद गर्दै जनताका मन जितेर माओवादीलाई विजयी गराउनुपर्ने बताउनुभयो । जनताको सङ्घर्षको बलमा प्राप्त उपलब्धिमाथि खतरा पैदा भएको, प्रतिक्रान्तिको खतरा तीव्र गतिमा अगाडि आएको उल्लेख गर्दै उहाँले गत वर्ष जनताको बलमा नै प्रतिगामी कदमलाई परास्त गरिएको बताउनुभयो । "हामीले गत वर्षको असंवैधानिकरूपमा गरिएको संसद् विघटनलाई जनताको 'हुङ्कार'बाट पराजित गर्‍यौँ", अध्यक्ष दाहालले भन्नुभयो, "आगामी निर्वाचनमा पनि सम्पूर्ण तागत लगाएर प्रतिगामी तत्वलाई परास्त गर्नुपर्छ।" आगामी निर्वाचनमा माओवादीलाई कमजोर बनाउने र साम्राज्यवादी मुलुकमा जस्तै 'टु पार्टी सिष्टम' लागू गर्ने षडयन्त्र भइरहेको जिकिर गर्दै उहाँले भन्नुभयो, "अहिले दुई वटा बुर्जुवा पार्टी मात्र बनाउने कसरत भइरहेको छ, क्रान्तिकारी विचारसहितको पार्टीलाई कमजोर पार्ने र दुई बुर्जुवा पार्टीले पालैपालो शासन गर्ने तयारी छ, आउँदै गरेका सबै निर्वाचन हाम्रा लागि सामान्य निर्वाचन मात्रै होइन, यो हाम्रा लागि 'लाइफ एण्ड डेथ'को लडाईं भएर आएको छ।"

गत पुसमा सम्पन्न आठौँ महाधिवेशनको जगमा गत फागुनमा सम्पन्न केन्द्रीय समितिको बैठकबाट सम्पूर्ण पार्टी पङ्क्तिलाई एकताबद्धरूपमा निर्वाचनमा केन्द्रित गर्ने नीति लिइएको उल्लेख गर्दै उहाँले पार्टीभित्रको अन्तरविरोधलाई थाँती राखेर निर्वाचनमा होमिन नेता कार्यकर्तालाई आग्रह गर्नुभयो।

## 'स्थापित जाति विस्थापित भाषा'

**पोखरापत्र संवाददाता**
**पोखरा २ चैत**

गण्डकी प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित नेवारी भाषा प्रशिक्षण कार्यक्रम पोखरामा सुरु भएको छ।

प्रतिष्ठानले 'स्थापित जाति विस्थापित भाषा' नाम दिएर प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको हो । एक महिनासम्म सञ्चालन हुने प्रशिक्षण कार्यक्रममा १० वर्षदेखि ४७ वर्षसम्मका ३० प्रशिक्षार्थीको सहभागिता छ । नेवारी भाषा प्रशिक्षण कार्यक्रमको प्रशिक्षकमा विक्रम उदास र मधुसुदन जोशी रहनुभएको छ । नेवाःखल पृथ्वीचोकमा आयोजित कार्यक्रमको शुभारम्भ गर्दै नेवाःखल कास्कीका अध्यक्ष अशोक पालिखेले तालिमले जातीय भाषा संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । नेवाःखल पृथ्वीचोकका अध्यक्ष केदारप्रसाद श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव मनकुमार श्रेष्ठ, नेवाःखल पृथ्वीचोकका निवर्तमान अध्यक्ष मीमलाल श्रेष्ठ, मिस पुच जिल्ला उपाध्यक्ष लक्ष्मी मुल्मीले प्रशिक्षण कार्यक्रमको महत्वमाथि प्रकाश पार्नुभएको थियो। तामाङ भाषाको प्रशिक्षण यही चैत ७ गतेबाट र दुरा भाषाको प्रशिक्षण चैत १० गतेबाट आयोजना गर्ने तयारी गरिएको प्रतिष्ठानका सदस्यसचिव मनकुमार श्रेष्ठले जानकारी दिनुभयो।

## फेरि बढ्यो पेट्रोलियम पदार्थको मूल्य

**रासस**
**काठमाडौं २ चैत**

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ। बुधबार बसेको निगम सञ्चालक समितिको बैठकले बुधबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोल, डिजेल र मट्टितेलको मूल्यमा प्रतिलिटर रु ५ वृद्धि गरेको हो।

यस्तै हवाई इन्धन (आन्तरिक) तर्फ प्रतिलिटर रु १५ र हवाई इन्धन अन्तर्राष्ट्रियतर्फ प्रतिकिलोलिटर अमेरिकी डलर २०० वृद्धि भएको निगमले जनाएको छ । निगमले खाना पकाउने एलपी ग्यासको मूल्य भने यथावत राखेको छ। मूल्यवृद्धिसँगै काठमाडौँ उपत्यकामा पेट्रोलको मूल्य प्रतिलिटर रु १५५, डिजेल/मट्टितेलको मूल्य प्रतिलिटर रु १३८, हवाई इन्धन (आन्तरिक) को मूल्य प्रतिलिटर १५१ र हवाई इन्धन (अन्तर र्ष्ट्रिय) को मूल्य प्रतिलिटर अमेरिकी डलर १.४९५ पुगेको छ। मूल्यवृद्धि गर्दा पनि आगामी १५ दिनमा करिब रु चार अर्ब ६६ करोड नोक्सानी हुने निगमले जनाएको छ । सञ्चित बचत सकिएको र घाटा उच्च भएकाले इन्डियन आयल कर्पोरेशनलाई भुक्तानी गर्न रकमको अभाव भएको निगमले जनाएको छ । आइओसीलाई भुक्तानी गर्न नपुग रकम मूल्य स्थिरीकरण कोष तथा अन्य वित्तीय संस्थाबाट ऋण लिनुपर्ने बाध्यात्मक अवस्था रहेको निगमका सहप्रवक्ता पुस्कर कार्कीले बताउनुभयो।

## लेकसिटी कलेजका विद्यार्थी सामाजिक कार्यमा

**पोखरापत्र संवाददाता**
**पोखरा २ चैत**

सामाजिक कार्य दिवस मनाउन तीन दिन अघिदेखि सामाजिक कार्य अध्ययन गर्ने विद्यार्थीहरुले पोखराका दुइ स्थानमा चटपट स्टल राखेका थिए।

चटपट स्टलवाट बचेको पैसाले दुइ स्थानमा हालै सामाजिक कार्य दिवसको दिन सहयोग गरेका छन् । केही नयाँ गरेर सहयोग गर्ने भावना राखेर चार दिने चटपट स्टल राखिएको लेकसिटी सलेजमा अध्ययनरत छात्रा नमुना कार्कीले वताइन । गैह्रापाटन र हल्लनचोकमा चटपट बेचेर कमाएको पैसाले छोरेपाटनमा स्थित चाँदनी पशु उथान तथा स्याहार केन्द्रमा केही रकम र मसिनामा अवस्थित मसिना आधारभुत विद्यालयमा खेलकुद



सामाग्री वितरण गरि सामाजिका कार्य दिवस मनाए । आफु एक्लैले गरि रहँदा सामाजिक कार्य अध्ययन गर्ने विद्यार्थीले मेहेनत गरेर सहयोग गर्दा निकै खुसी लागेको ाँदनी थापा मगरले भनिन्। त्यसै गरी मसिना आधार भुतका प्रधानाध्यापक गोविन्द प्रसाद बराल भन्छन्,"आफुले ४ दिन सम्म खटिएर कमाएको पैसाले सहयोग गर्नुभएको देख्दा हामी आफुलाई सौभाग्यमानी ठान्छौ" र थुप्रै विद्यालय मध्य आफ्नो विद्यालयलाई छानेर उनका लागि मेहेनत गरी खेलकुद सामाग्री प्रदान गरेकोमा आभार व्यक्त गर्दै थिए विद्यालय व्यवस्थापनका अध्यक्ष जगन्नाथ तिमिल्सिना । चार दिन अघिदेखी नै विद्यार्थीहरूको सक्रिय सहभागिताले यस कार्यक्रमलाई ठूलो सफलता प्रदान गरेको सामाजिक कार्यकी शिक्षिका रोशिना कुँवर वताइन । राम्रो र नराम्रो छुवाइको भिन्नतालाई चित्रण गर्दै के गरेर बच्न सकिन्छ भन्ने बारेमा पहिलो वर्षमा अध्ययनरत छात्रा सामना अर्याल र कबिता ओलिले सिकाए । सबैले मनोसामाजिक स्वास्थ्यको बारेमा थाहा पाउनु पर्छ र बुझ्नु पर्छ भन्ने शिर्षकमा दोस्रो बर्षमा अध्यनरत छात्रा स्वस्तिका मानन्दर र स्वस्तिका सुवेदीले व्याख्या गरेका थिए।

सबैलाइ समेटौ भन्ने नारालाइ समर्थन गर्दै यस बर्षको सामाजिक कार्य दिवस सहभागिता, साथ, सहयोग, बिश्वास र दिगो समाज निर्माण प्रति प्रतिबद्धता जनाउदै सप्पन्न भएको छ। कार्यक्रममा दोस्रो बर्षकी छात्रा प्रतिमा पौडेलले संचालन गरेकी छिन्।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नेतृत्वमा महिला पुऱ्याउन अभियान

– जमुना वर्षा शर्मा
पोखरा २ चैत (रासस)

स्थानीय तहको निर्वाचनको समय घोषणा भएसँगै पोखराका महिलाले 'नेतृत्वमा महिला अभियान' लाई तीव्रता दिएका छन् ।

नारी जागरण अभियान गण्डकीले प्रदेशका विभिन्न जिल्लामा नेतृत्वमा महिला अभियानको सुरुआत गरेको हो । देशमा व्यवस्था बदलिए पनि अवस्था बदलिन नसकेको र महिलाको अस्तित्व र क्षमतालाई अझै पनि विभिन्न बाहानाबाट पछाडि पार्ने काम भएको जनाउँदै नेतृत्वमा महिला अभियान सुरु गरेको अभियानका संयोजक अञ्जु केसीले जानकारी दिनुभयो। केसीले भन्नुभयो,"पितृसतात्मक सामाजिक संरचनाले व्यवस्था बदलियो, तर महिलाप्रतिको धारणा र अवस्था भने बदलिन सकेन अब नेतृत्वमा महिला पुऱ्याउनका लागि यो अभियाना सुरु गरेका हौं ।" उहाँले अहिले आवाज उठाउने समय भएकाले पनि आफूहरूले यस विषयमा निरन्तर आवाज उठाउन आउने पुस्तालाई पनि राजनीतिप्रति सकारात्मक दृष्टिकोण बनाउन अभियानले सघाउ पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

उहाँका अनुसार बागलुङबाट सुरुआत भएको यस अभियानमा जिल्लाका राजनीतिक दलका नेता, नागरिक समाज र महिला नेत्रीबीच अन्तर्क्रिया हुनेछ । पहिलो चरणमा प्रदेश र विस्तारै देशव्यापी बनाउँदै लैजाने केसीले बताउनुभयो । अभियान समयको माग भएकाले यसलाई निरन्तरता दिनुपर्ने धारणा राख्नुहुन्छ गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्मा । उहाँ भन्नुहुन्छ, "वर्षौंदेखि घरपरिवार व्यवस्थापन गरेर राजनीतिको अग्रमोर्चामा होमिएका महिला अझै पनि लैङ्गिक विभेद्मा परेका छन् । महिलालाई कार्यकारी पदमा पुऱ्याउन र निर्णायक जिम्मेवारीमा राख्न अझै पनि सबै दललाई सकस भएको छ, अब आवाज उठाउनुपर्छ ।"

महिला आन्दोलनको थालनीको रूपमा १९८९ असार ३१ मा योगमाया न्यौपानेले गरेको जल समाधिलाई स्मरण गर्दै उहाँले वर्षौं अघि देखिनै महिलामाथि अन्याय र अपमान हुँदै आएको र अब यसलाई चिर्नुपर्ने बताउनुभयो । न्यायिक र समतामूलक समाजका लागि लोकतान्त्रिक शासन प्रणालीमा महिला पुरुषको समान सहभागिता हुनेसके मात्रै सुशासन कायम हुने उहाँको भनाइ छ ।

निर्णायक तहमा महिलाको सहभागिता सुनिश्चित हुनसके विभेद्कारी कानुन बन्न नसक्ने र महिला अधिकार स्थापित हुने उहाँको विश्वास छ । "राजनीतिसहित समाजका सबैजसो क्षेत्रमा महिला नेतृत्वमा कम छन्, भएका ठाउँमा पनि उप, सहायकमा मात्र सीमित छन्, कार्यकारी भूमिकामा निकै कम छन् अब यो सङ्कुचित सोचाइ बदल्न हरेक राजनीतिक दलले आफ्ना जनवर्गीय सङ्गठनबाटै महिलाको सशक्त उपस्थितिमा जोड दिनुपर्छ", शर्माले भन्नुभयो ।

पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङले राजनीतिमा निरन्तर लागेर नेतृत्वमा पुग्ने बेला महिला भएकै कारण असक्षम देख्ने र विभिन्न बहाना बनाएर अवसरबाट वञ्चित गराउने परिपाटी गलत भएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ,"अब क्षमताको आधारमा समान हक माग्ने समय आइसकेको छ, महिलाले आफ्नो क्षमतालाई प्रदर्शन गरेर निर्णायक तहको दाबी गर्नुपर्दछ ।"

राजनीतिको अग्रमोर्चामा सधैं महिला होमिएको इतिहास विर्सन नहुने जनाउँदै २०६२/६३ को ऐतिहासिक आन्दोलन पश्चात् पुनःस्थापित प्रतिनिधिसभाले राज्यको हरेक निकायमा महिलाको ३३ प्रतिशत सहभागिता हुनुपर्ने, आमाको नामबाट नागरिकता पाउनुपर्ने र महिलासम्बन्धीविभेद्कारीकानुनको खारेजीका सम्बन्धमा सार्वजनिक महत्वको प्रस्ताव पारित गरेको उहाँले स्मरण गर्नुभयो । उहाँले कानुनी कुरालाईसमेत बेवास्ता गर्दै महिलाको समान सहभागितालाई कार्यकारी बाहिरका पदमा मात्र सीमित गर्ने गरेकाले अब नेतृत्वमा महिलाको लागि दबाब जरुरी रहेको बताउनुभयो । नेपाली कांग्रेस महाधिवेशन प्रतिनिधि लक्ष्मी पाण्डेले राजनीतिमा क्रियाशील महिलामाथि विभेद् हुँदै आएको र सबैले सामूहिक रूपमा दबाब दिनसके नेतृत्वमा महिलाको सहभागिता बढ्ने बताउनुभयो । उहाँले महिलाको क्षमतामाथि प्रश्न उठाउने अधिकार कसैलाई नभएको जनाउँदै अब नेतृत्वमा महिलाको बहसलाई स्थापित गर्न सबै दलका महिलाको साझा धारणा बनाउनुपर्ने बताउनुभयो ।

नागरिक अधिकारकर्मी रामबहादुर पौडेलले सही समयमा सही आवाज उठाउनुपर्ने बताउँदै अहिले महिलालाई नेतृत्वमा पुऱ्याउने अभियान निकै जायज र समयको माग भएको बताउनुहुन्छ । अभियानलाई भऱ्याङ बनाएर नभइ समाज परिवर्तनको माध्यम बनाउनुपर्ने र यस्ता अभियान देशभरी नै चलाउन आवश्यक रहेको उहाँको धारणा छ ।

अभियान अन्तर्गत छलफल, अन्तर्क्रियासहित प्रमुख राजनीतिक दलका नेतालाई ज्ञापनपत्र बुझाइने र नेतृत्वमा महिलाको सम्मानजनक उपस्थिति सुनिश्चित नभएसम्म अभियान निरन्तर दिइने अभियानका सदस्य लक्ष्मी अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार प्रदेशका सबै जिल्लामा खबरदारीका कार्यक्रमसहित महिलाको हक, अधिकार स्थापितका लागि राष्ट्रपति र प्रधानमन्त्रीलाई समेत ज्ञापनपत्र बुझाउने कार्यक्रम रहेको छ ।

# फस्ट फाइभलाई अन्तर बटालियन भलिबल उपाधि

पोखरापत्र संवाददाता
पोखरा २ चैत

अन्तर बटालियन भूतपूर्व भलिबल च्याम्पियनसिप-२०२२ को उपाधि फस्ट फिफ्थ गोर्खा राइफल्स (जिआर)ले जितेको छ ।

भारतको ७५ औं आजादिको अमृत महोत्सवका अवसरमा भारतीय पेन्सन वितरण शाखा पोखराद्धारा आयोजित प्रतियोगितामा बुधबार भएको फाइनल खेलमा २/४ गोर्खा (राइफल्स) जिआरलाई २५-९,२८-२६ र २५-२१ को सेटमा हराउँदै फस्ट फिफ्थ जिआरले उपाधि हात पारेको हो ।



उपाधिसँगै उसले नगद २५ हजार रुपैयाँसहित ट्रफि र प्रमाणपत्र प्राप्त गऱ्यो भने उपविजेता २/४ जिआरले नगद १५ हजार रुपैयाँसहित ट्रफि र प्रमाणपत्र प्राप्त गऱ्यो । विजेता टिमलाई भारतीय पेन्सन कार्यालय पोखराका प्रमुख लेफ्टिनेन्ट कर्णेल शशांक त्रिपाठी, एभरेष्ट बैंक लिमिटेडका गण्डकी प्रदेश इन्चार्ज शुशिलचन्द्र महत लगायतले पुरस्कार वितरण गरे । प्रतियोगितामा १८ गोर्खा राइफल (जिआर) टिमको सहभागिता रहेको थियो ।

# जुत्ता ब्यबसायी संघ कास्कीको सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २ चैत

जुत्ता ब्यबसायी संघ कास्कीको आयोजनामा हेमजाको गौरी संकर आधाभुत बिद्यालयमा बुधबार एक कार्यक्रमका बिच सहयोग गरेको छ ।

गौरी संकर आधारभुत बिद्यालयमा अध्यायनरत बिपन्न बर्गका बिद्यार्थीलाई जुत्ता, मोजा, ब्रस र पोलिस बितरण गरिएको हो । बितरण गरिएको सामाग्री असि हजार बराबरको रहेको जुत्ता ब्यबसायी संघ कास्कीका अध्यक्ष



मोहनराज पौडेलले हामीलाई जानकारी दिए ।

जुत्ता ब्यबसायी संघ कास्कीका अन्य सदस्य, बिद्यालयका शिक्षक शिक्षिकाको उपस्थितीमा कार्यक्रम गरिएको थियो । जुत्ता ब्यबसायी संघ कास्कीका अध्यक्ष पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा स्वगत बिद्यायलका प्रधानाध्यापक डिल्लीराम तिमिल्सिनाले र सञ्चलान जुत्ता ब्यबसायी संघ कास्कीका कोषाध्यक्ष हेम कृष्ण श्रेष्ठले गरेका थिए ।

# लेखनाथ महोत्सवमा छैटौं दिनसम्म दुई करोड ६५ लाख कारोबार

पोखरापत्र संवाददाता
पोखरा, २ चैत

केही दिन यता दिउँसो गर्मी बढ्दै जाँदा लेखनाथ महोत्सवमा भने दर्शकको रौनक बढ्दै गएको छ ।

ख्याती प्राप्त कलाकारबाट दैनिक सांस्कृतिक कार्यक्रम हुँदा गर्मिको वेवास्ता गर्दै दर्शकहरुको महोत्सव स्थलमा आकर्षण बढेको हो । दैनिक उपभोग्य बस्तु देखी बालबालिकाको लागि मनोरञ्जनका सामाग्री एवं रेष्टुरेण्टहरुका परिकारमा परिवारै झुम्मिएको देखिन्छ । दिनभरीको मनोरञ्जन पछि दर्शकहरु बेलुका घर फर्कदा लत्ता कपडा देखी ताजा तरकारी बोकेर फर्कने गरेका छन् । विगतका बर्षहरुमा अनुकुल समय मंसिर पौषमा हुने महोत्सव यसपटक कोभिड १९ का कारण फागुनको अन्तिम सातालाई सरेपछि दर्शकमा केही कठिनाई भएपनि सफलता उन्मुख रहेको लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष एवं महोत्सव आयोजक



मुल समितिका संयोजक छत्रधर आत्रेयले बताए । महोत्सव सातौ दिनसम्म आइपुग्दा झण्डै दुई करोड ६५ लाख रुपैयाको कारोबार भएको छ भने एक लाख ७ हजार दर्शकले अवलोकन गरेका छन् । कोभिड सुरक्षालाई विशेष ध्यान दिईएको महोत्सवमा अहिलेसम्म तीन सय ७ जनाले विभिन्न डोज खोप लगाएको प्रचार प्रसार उपसमितिका संयोजक गोपिचन्द्र बास्तोलाले जानकारी दिए । बुधबार कुमाल समाजले सांस्कृतिक कार्यक्रम प्रस्तुत गऱ्यो भने रत्यौली तर्फ देउराली आमा समूह र उन्नतशिल आमा समूहको प्रस्तुती रह्यो । बुधबार युवाहरुका माझ लोकप्रिय रहेका गायक प्रमोद खरेलले आधा दर्जन गीत गाउँदा दर्शकहरुले साथ दिएका थिए । यसैगरी लोक दोहोरी गायक प्रजापति पराजुली र शिला आलेको दोहोरी पुरानो झल्को दिएको दर्शकहरुको प्रतिक्रिया थियो ।

यही फागुन २६ देखी जारी महोत्सव चैत ७ गतेसम्म संचालन हुनेछ । महोत्सवमा स्वदेशी तथा विदेशी उत्पादन कम्पनीका विभिन्न बस्तु तथा सेवाहरुका तीन सय भन्दा बढी स्टलहरु राखिएका छन् ।

# गाउँ जान सांसदलाई एमाले अध्यक्षको निर्देशन

पोखरापत्र संवाददाता
पोखरा २ चैत

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आसन्न स्थानीय तहको निर्वाचनका क्रममा गाउँगाउँका जनताको घरदैलोमा पुग्न संघीय संसद्का आफ्ना सांसदहरुलाई निर्देशन दिनुभएको छ ।

सो पार्टीको संसदीय दलको आज नयाँ बानेश्वरमा भएको बैठकमा अध्यक्ष ओलीले एमालेले पाँच दलीय गठबन्धनलाई एक्लैले प्रतिस्पर्धा गर्नुपर्ने भएकाले जनताका बीचमा पुगेर मत माग्न आग्रह गर्नुभएको हो ।

दलका प्रमुख सचेतक विशाल भट्टराईका अनुसार सरकारले हठात् संघीय संसद्को अधिवेशन अन्त्य गराएको र समसामयिक विषयमा अध्यक्ष ओलीले निर्देशनात्मक मन्तव्य दिनुभएको थियो । भट्टराईले वडा, पालिका र जिल्ला तहमा अधिवेशन सम्पन्नसहित साङ्गठनिक र वैचारिकरूपमा चुस्त हुँदै उम्मेदवार चयनका लागि मापदण्ड तय गरिसकेको अवस्थामा स्थानीय तहको निर्वाचन सम्पन्न गर्न एमाले पूर्णरूपमा तम्तयार रहेको बताउनुभयो ।

उहाँले वर्तमान 'विचार र सिद्धान्त नमिल्ने' सत्ता गठबन्धनसँग प्रतिस्पर्धा गर्न एक्लै एमाले सक्षम रहेको जिकिर गर्दै हाल जनप्रतिनिधि रहेका र राम्रा काम गरेका तथा योग्यतम उम्मेदवारलाई सम्बन्धित कमिटीले सकेसम्म सर्वसम्मतरूपमा उम्मेदवार चयन गर्ने र ती कमिटीले नसकेमा माथिल्लो कमिटीले निर्णय दिने स्पष्ट गर्नुभयो ।

ग्याँसको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू

- ग्याँस तथा आगो बलुञ्जेल भान्सा छाडेर टाढा नजाऔं।
- प्रयोग गरिसकेपछि ग्याँसको चुल्हो र रेगुलेटर बन्द गरौं।
- यथासम्भव ग्यास सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं।
- ग्यास सिलिन्डर र सिलिण्डरको पाइप समय-समयमा जाँच गरौं, कुनै खराबी वा टुटफुट भए, तुरुन्त मर्मत गरौं।
- ग्यास सिलिण्डर लिादा सिल भए/नभएको हेरेर मात्र लिऔं।
- तौल कम भएको, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर घरमा नल्याऔं।
- सलाई, लाइटरजस्ता प्रज्वलनशील सामग्री केटाकेटीले भेट्ने गरी नराखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# होलीको शुभकामना

बसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावको पर्वको रुपमा फागु पुर्णिमालाई लिने गरिन्छ । फाल्गुण शुक्ल पूर्णिमाका दिन मनाइने फागु पर्व पहाडी जिल्लामा हर्षोल्लासका साथ मनाइने गरीन्छ । तराइमा भने त्यसको भोलीपल्ट मनाइने गरिन्छ । फागु पर्वमा विभिन्न रंग दलेर मनाउने गरिन्छ । फागु पूर्णिमा धार्मिक कथासँग जोडिएको पर्व हो । त्रेतायुगमा दैत्यराज हिरण्यकश्यपुले विष्णु भक्त आफ्ना पुत्र प्रल्हादलाई मार्ने उद्देश्यले ब्रम्हाबाट आगोले हुन नसक्ने बरदान पाएकी आफ्नी बहिनी होल्लिकालाई प्रल्हदका साथ दन्किरहेको आगोमा पस्न लगाउदा होलिका आफैं भष्म भएकी तर भक्त प्रल्हादलाई आगोले छुन नसकेको कथा फागुसँग जोडिएको छ । शक्तिको दुरुपयोग गर्ने प्रवृत्तिको प्रतिक बनेकी होलिका मारिएको उपलक्ष्यमा फागु खेल्ने परम्परा चलेको मानिन्छ । द्वापरयुगमा श्रीकृष्ण भगवानलाई मार्न मामा कंशद्वारा पठाइएको राक्षस्नी पुतनाले विष दलिएको स्तन चुसाउन लाग्दा असफल भइ मारिइन । पुतनालाई गोपालवासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको धर्मग्रन्थमा उल्लेख छ । अनेक मिथकमा आधारित फागु वा होली हाम्रो मौलिक पर्व हो ।

फागु वा होलीलाई रंगको पर्वको रुपमा समेत मनाउने गरिन्छ । नेपालका हिमाल, पहाड र तराइमा मनाउने गरिन्छ । मुस्ताङमा थकालीहरुले तोरन्त भनेर मनाउँछन् । फागुमा प्रयोग हुने रंगमा रातो रंगलाई विजयको प्रतिक मानिने गरिन्छ । होलीका दहनलाई सत्यको विजय भएको ठानी विजयप्रकट गर्ने रातो रंग प्रयोग हुने गरेको छ । निलो रंग मानवता र धैर्यतालाई दर्शाउँछ । पहेलो रंग भगवान श्रीकृष्णको प्रिय रंग हो । होलीले मानिस अनि रंगहरुवीचको सम्बन्ध र रंगले पार्ने उत्साह वा बारेमा व्याख्या गरेर रंगको पर्वको रुपमा लिने गरिएको छ । यो पर्व नेपालको सबै भूगोल, हिन्दु, बौद्ध र मुस्लिम धर्म मान्नेले पनि मनाउने गरेका छन् । सबै उमेर समुहले फागु मनाउने गर्दछन् । फागु पर्वमा पहाड र तराईमा छुट्टाछुट्टै दिन सार्वजनिक विदा दिने गरिएको छ । सबै समुदायका नेपालीवीच एक आपसमा भाइचारा र घनिष्टता अभिवृद्धि गर्न सघाउँदै आएको छ ।

चाडपर्वहरु मनाउँदा त्यसको ऐतिहासिक र सांस्कृतिक महत्ववारे जानकारी दिने काम कम हुँदै गएको छ । हरेक चाडपर्व अहिले व्यापार गर्ने माध्यम भएका छन् । खेतवारी, जंगल या प्रकृतिमा उम्रेका या भेटिने प्राकृतिक रंग प्रयोग गरेर खेलिने फागु आयातित रंगको प्रयोग हुने गरेको छ । मानव स्वास्थ्यमा असर पार्ने रंगको प्रयोग गर्ने, टिसर्ट बनाएर बेच्ने, मादक पदार्थ र पेय पदार्थ बेच्ने अवसरको रुपमा लिने गरिएको छ । रंग दल्ने भन्दा पिचकारी छ्याप्ने काम भएका छन् । हाम्रा संस्कृतिमाथि एकपछि अर्को अतिक्रमण भएको छ । पर्वहरु हाम्रो जीवनका पर्याय हुन् । पर्व मनाउँदा सु-स्वास्थ्य र दिर्घायुको कामना गर्ने गरिन्छ । पूजीवादले मानवको स्वास्थ्य, दिर्घायू र खुशी भन्दा व्यापारलाई जोड दिँदा पर्वमा विकृति भित्रीएका छन् । आयातित सामानले मौलिकता हराउँदै गएको छ । पर्व बुझेर मनाउने र मानव जीवनलाई असर पुऱ्याउने रंग र अन्य बस्तु भन्दा प्राकृतिकको प्रयोग गरेमा पर्वको सान्दर्भिकता वढेर जानेछ । बजारको लहलहैमा बस्तु र सामाग्रीको प्रयोग गरेमा स्वास्थ्यमा असर पुग्ने र मौलिकता हराउदै जान्छ । हाम्रो संस्कृति जोगाउन आपसी सद्भाव र भाइचारा सम्बन्ध कायम गर्न विकृति र विसंगति हटाउनु पर्दछ । विकृति र विंसगति हटाएर मात्र मौलिक पर्वको मर्यादा जोगाउन सकिन्छ । कोरोना भाइरस (कोभिड-१९) अझै हटिसकेको छैन ।सावधानी अपनाउनुपर्ने अवस्था छ । होलीले समग्र रुपमा एउटा सिंगो मानव सभ्यतालाई चिनाउने संस्कृति हो । कसैप्रति पनि रिस, आवेग र कटु व्यवहार गर्नुहुँदैन भन्ने सन्देश पनि होलीले दिन्छ । यसरी नराम्रो सोचलाई राम्रो व्यवहारले विस्थापित गर्दै जीवनलाई रंगीन बनाउन सकियोस् भन्ने समग्र सन्देश होलीले दिन्छ ।हामीले मनाउने चाडपर्वको महत्त्व बुझ्नु र बुझाउनुपर्छ । बुझेर मनाउन सकेमा चाडपर्वको महत्त्व बढेर जानेछ । होलीको शुभकामना ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : मानसिक तनाव |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : मन चञ्चल | धनु | : ब्यापारमा लाभ |
| ककर्ट | : सहयोग मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : शत्रुको भय | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# विश्वकप लिग दुई : नेपालद्वारा पपुवा न्युगिनी पराजित

रासस
काठमाडौं, २ चैत

आइसिसी विश्वकप क्रिकेट लिग दुईअन्तर्गत त्रिकोणात्मक एकदिवसीय सिरिजको पहिलो खेलमा नेपालले पपुवा न्युगिनीलाई दुई विकेटले पराजित गरेको छ ।

युनाइटेड अरब इमिरेट्स (युएइ) को सारजाह क्रिकेट मैदानमा बुधबार भएको खेलमा पपुवा न्युगिनीले दिएको २०५ रनको लक्ष्य नेपालले ४९ दशमलव २ ओभरमा ८ विकेट गुमाएर पूरा गऱ्यो । नेपालका लागि रोहितकुमार पौडेल र आरिफ शेखले अर्धशतकीय पारी खेले । पौडेलले ५८ तथा शेखले ५३ रनको योगदान दिए ।

त्यसैगरी करण केसीले २ ९, आशिफ शेखले १६, विनोद भण्डारीले ११, सोमपाल कामी र दीपेन्द्र सिंह ऐरीले समान ८/८, ज्ञानेन्द्र मल्लले ४ तथा कुशल भुर्तेलले एक रन बनाए । बलिङतर्फ पपुवा न्यूगिनीका नोरम्यान भानुवा, रिले हेकुरे र एली नाओले समान २/२ विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ गर्दै पपुवा न्यूगिनीले ५० ओभरमा ८ विकेट गुमाएर २०४ रन बनाएको थियो । उसका लागि चार्ल्स अमिनीले ५९ रनको अर्धशतकीय पारी खेले । यस्तै टोनी उराले २७, लेगा सियकाले २५, चाद सोपरले ३५, नोरमान भानुले २३ र असद भालाले १९ रन बनाए ।

बलिङतर्फ नेपालका सोमपाल कामीले ३ तथा कप्तान सन्दीप लामिछाने, आरिफ शेख र ज्ञानेन्द्र मल्लले एक एक विकेट लिए । नेपालले दोस्रो खेल शुक्रबार युएइसँग खेल्नेछ । लिग दुईमा नेपालसहित सात देश सहभागी छन् । नेपाल नौ खेलमा पाँचमा जित तथा चारमा हारका साथ १० अङ्कसहित छैटौं स्थानमा छ । पपुवा न्युगिनी हालसम्म जितविहीन अवस्थामा छ । उसले हालसम्म खेलेका १४ वटै खेलमा पराजय व्हाेरेको छ ।

# छ हजार परीक्षण हुँदा ८२ जनामा संक्रमण

रासस
काठमाडौं, २ चैत

कोरोना भाइरसको सङ्क्रमण बुधबार ८२ जनामा देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बुधबार सार्वजनिक गरेको बुलेटिनमा छ हजार १७५ जनामा कोरोना परीक्षण गर्दा ८२ जनामा सङ्क्रमण देखिएको छ ।

मन्त्रालयका अनुसार सक्रिय सङ्क्रमितको सङ्ख्या चार हजार ५७४ जना रहेका छन् । पछिल्लो समय २१३ जना कोरोनाबाट निको भएर घर फर्किएका छन् । योसँगै निको हुनेको सङ्ख्या नौ लाख ६१ हजार ५६१ पुगेको छ । निको हुने दर ९८.३ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । बुधबार सङ्क्रमणबाट कसैको पनि निधन भएको छैन ।

मन्त्रालयका अनुसार २०० भन्दाबढी सङ्क्रमित भएका जिल्लामा ललितपुर, काठमाडौं, चितवन, कास्की र बाँके रहेका छन् । शून्य सङ्क्रमित भएको चार जिल्ला मनाङ, रुकुमपूर्व, बाजुरा र जुम्ला रहेका छन् । नेपालमा सङ्क्रमण दर १७.८ प्रतिशत रहेको छ । हाल हो म आइसोलेसनमा चार हजार ४९८ ,संस्थागत आइसोलेसनमा ७६, आइसियुमा ३१ र भेन्टिलेटरमा छ जनाको उपचार हुँदैछ ।

# चक्लाबन्दीले निलुवाको सौन्दर्य गुम्ने डर

– रामबहादुर थापा
बागलुङ, २ चैत

खरका गोठ, मिलेका गरा, चौपायालाई चरन र वरिपरि वन । निलुवा टेक्दानटेक्दै आँखामा ठोक्किहाल्ने दृश्य हुन्, यी । यिनलाई झिकिदिने हो भने निलुवाको चिनारी अपूरो हुन जान्छ । मनोरम भूबनोट, लेकाली हावापानी र ग्रामीण जनजीवन त्यसका प्राण हुन् ।

प्रकृतिले सिङ्गारेको उपत्यका हो, निलुवा । गलकोट नगरपालिका-४ स्थित पर्यटकीय गन्तव्यस्थल निलुवामा हालै जग्गा चक्लाबन्दी कार्यक्रम सुरु गरिएपछि त्यहाँको मौलिक स्वरुपलाई लिएर चिन्ता व्यक्त भइरहेका छन् । जग्गा चक्लाबन्दी गर्दा निलुवाको सौन्दर्य खलबल्लिने र त्यसबाट पर्यटकीय आकर्षण गुम्ने डर देखिएको छ । व्यावसायिक कृषि उत्पादनका लागि वर्षौंदेखि बाँझो पल्टिएको जग्गालाई चक्लाबन्दी गर्न थालिएको हो । निलुवा पर्यटकीय क्षेत्र प्रवर्द्धन केन्द्रका अध्यक्ष ओमकार सुवेदीले चक्लाबन्दी गर्दा भौगोलिक बनोट र परम्परागत संरचनालाई धेरै बिगार्न नहुने बताउनुभयो । "यहाँको खास आकर्षण भनेकै परम्परागत गोठथरी हुन्, यसको संरक्षण गर्नुपर्छ", उहाँले भन्नुभयो, "कृषि उत्पादनसँगै पर्यटनबाट निलुवाको विकास सम्भव छ ।"

निलुवालाई पर्यटनबाट चिनाउन पूर्वाधारमा लगानीसमेत भइरहेको छ । अध्यक्ष सुवेदीले घरबास (होमस्टे)को योजना पनि अघि सारिएको बताउनुभयो । "हाम्रा बाउबाजेले निलुवामा बनाएका परम्परागत गोठकै शैलीमा संरचना बनाइ घरबास चलाउने सोच बनाएका छौं", उहाँले भन्नुभयो ।

स्थानीय सयपत्री बहुउद्देश्यीय सहकारी संस्थाले जग्गा चक्लाबन्दी कार्यक्रम सुरु गरेको हो । छरिएर रहेको खेतीयोग्य बाँझो जग्गा एकीकरण गर्न लागिएको सहकारीका अध्यक्ष चिन्तामणि शर्माले बताउनुभयो । ७३ किसानको १५० रोपनी जग्गालाई चक्लाबन्दी गरिने उहाँको भनाइ छ । अध्यक्ष शर्माका अनुसार ५०० गरामा बाँडिएको जग्गा अब ४३ 'प्लट'मा भर्नेछ । निलुवा उपत्यका छेउछाउको जग्गा नभई बीचतिर मात्र चक्लाबन्दी गरिने उहाँको भनाइ छ । "१५ वटा जति परम्परागत गोठथरी विस्थापित हुने देखिएको छ, तिनलाई हामी अर्को ठाउँमा सार्छौं", अध्यक्ष शर्माले भन्नुभयो, "पर्यटकीय आकर्षण बिगार्न नहुनेमा हामी सचेत छौं, अब निलुवा कृषि र पर्यटनका माध्यमबाट सँगसँगै चिनिनेछ ।" त्यहाँ रहेका अरु २५ गोठथरी भने पुरानै स्वरुपमा रहने जनाइएको छ ।

गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालयको रु ३६ लाख ४९ हजार अनुदान सहयोगमा चक्लाबन्दी कार्यक्रम सुरु भएको हो । सहकारीले प्रतिरोपनी वार्षिक रु दुई हजार तिर्ने गरी आउँदो २०८० सालसम्मलाई जग्गा भाडामा ल्याएको हो । जग्गा चक्लाबन्दी गरेपछि तरकारी, बीउबिजन र अन्नबाली उत्पादन गर्ने योजना सहकारीको छ । तरकारीजन्य उत्पादनतर्फ आलु, मुला, सिमी, सागलगायतको खेती गरिने भएको छ । अन्नमा मकै बाली लगाइनेछ । माटो परीक्षणपछि कृषि क्षेत्रका प्राविधिकले दिएको सुझावका आधारमा यामअनुसारको खेतीपाती गरिनेछ ।

चक्लाबन्दी कार्यक्रमले गाउँका किसानलाई लाभ पुऱ्याउने गलकोट नगरपालिकाका कृषि शाखा प्रमुख हरिदत्त सुवेदीले बताउनुभयो । "धेरै कित्ता र स्वामित्वमा बाँडिएको जग्गामा ठूलो लगानीको कृषि व्यवसाय गर्न कठिनाइ हुने गर्छ", उहाँले भन्नुभयो, "चक्लाबन्दी गरेर जग्गालाई एकीकृत गर्दा भूमिको सदुपयोग बढ्नुका साथै कृषि उत्पादनमा वृद्धि हुन्छ, यसबाट किसानको आयआर्जन थपिन्छ र रोजगारी पनि सिर्जना हुन्छ ।"

निलुवाको पर्यटकीय महत्व उजागर हुन थालेपछि त्यहाँको विकासमा राज्यका निकायदेखि स्थानीयवासी पनि लागिपरेका छन् । गलकोट नगरपालिकाको रु ६० लाख र अन्य स्रोतबाट रु ४० लाख गरी रु एक करोड लागतमा निलुवामा सडकको पहुँच पुऱ्याइएको छ । गलकोट समाज जापानको सहयोगमा विश्रामस्थल बनेको छ । पदमार्ग, खानेपानीको मुहान संरक्षण र पदमार्गलगायतका पर्यटकीय पूर्वाधार बनेका छन् ।

केन्द्रका अध्यक्ष सुवेदीले निलुवाको मुख्य समस्याका रूपमा खानेपानी र विद्युत् रहेको बताउनुभयो । खरुवा र भैंसेतर्फबाट पनि सडक पुऱ्याउने योजना केन्द्रले बनाएको छ । केन्द्रको आयोजनामा केही वर्षअघि त्यहाँ मह शिकार महोत्सवको समेत आयोजना गरिएको थियो । निलुवामा ५०० मिटर अग्लो महभिर छ ।

निलुवा पुस्तौंदेखि गोठथरीका रूपमा थियो । गोठाला र किसानको मौसमी बासथलोका रूपमा रहेको निलुवा कुनैताका पशुपालन र खेतीपातीले हराभरा हुन्थ्यो । उबेला वर्षको दुई याम पशुचौपायासहित गाउँले गोठथरी जान्थे । बैंसीबाट फागुनमा गोठ गएपछि असारमा झर्ने र पुनः भदौमा गएर कात्तिकमा झर्थे । गोठथरी जानेलाई गोठ/लेक जाने पनि भन्ने गरिन्थ्यो । गोठ जाँदा किसान घाँसदाउरा र खेतीपातीमा भुल्थे । समयसालमा गोठथरीको चलन हरायो । वैदेशिक रोजगार, बजारमा परनिर्भरता, सविधाभोगी जीवन आदि कारणले कृषिमा आकर्षण घट्यो । परम्परागत गोठथरी रित्तिए । गोठथरी जाने चलन हराए पनि निलुवाले रैथाने कृषि प्रणालीको झल्को भने दिन्छ । दुई हजार १०० देखि दुई हजार २०० मिटरसम्मको उचाइमा फैलिएको निलुवाको भूबनोट र हावापानी लोभलाग्दो छ । त्यहाँबाट हिमशृङ्खला पनि देख्न सकिन्छ । पदयात्रा, वनभोज, दृश्य छायाङ्कन, अवलोकन भ्रमण र 'क्याम्पिङ'का लागि आन्तरिक पर्यटक निलुवा पुग्ने गरेका छन् । निलुवामा पर्यटनमैत्री पूर्वाधारको भने कमी छ ।

# वडाबाटै राष्ट्रिय परिचयपत्र विवरण दर्ता सुरु

पोखरापत्र संवाददाता
दमौली २ चैत

तनहुँको शुक्लागण्डकी नगरपालिकाले वडाबाटै राष्ट्रिय परिचयपत्र विवरण दर्ता सुरु गरेको छ । सर्वसाधारणको सहजताका लागि स्थानीय तहका वडाबाटै दर्ता थालिएको हो । यसअघि जिल्ला प्रशासन कार्यालयबाट मात्रै परिचयका लागि विवरण दर्ताको काम हुँदै आएको थियो । त्यस्तै व्यास नगरपालिकाले पनि वडाबाटै दर्ता सम्पन्न गरिसकेको छ ।

शुक्लागण्डकीका १२ वटै वडामा विवरण दर्ताको काम थालिएको हो । शुक्लागण्डकी -१२ का वडाध्यक्ष मनराज गुरुङका अनुसार वडामा सात दिन यो अभियान सञ्चालन हुनेछ । प्रत्येक वडाका टोलमा विवरण दर्ताको काम गरिने उहाँले बताउनुभयो । "सर्वसाधारणको सहजताका लागि टोल टोलमा पुगेर विवरण दर्ताको काम सुरु गरेका छौं", उहाँले भन्नुभयो, "चैत ५ गतेसम्म अभियान सञ्चालन हुनेछ ।" डिजिटल राहदानीका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएपछि सबै स्थानीय तहमा विवरण दर्ताको तयारी थालिएको प्रशासनले जनाएको छ । हालसम्म जिल्लामा २३ हजारभन्दा बढीको विवरण दर्ता भएको छ । विवरण दर्ताका लागि प्रशासन कार्यालयमा दुईवटा स्टेशन स्थापना गरिएको छ । नागरिकता बनाउनेबित्तिकै परिचयपत्रका लागि विवरण दर्ता गर्ने व्यवस्था मिलाइएको छ । परिचयपत्रको विवरण बुझाउन अनलाइन पनि प्रयोग गर्न सकिन्छ । परिचयपत्रका लागि आवेदन बुझाउन अनलाइन प्रक्रिया पूरा गरी प्रशासन कार्यालयमा आफै उपस्थित हुनुपर्नेछ । तर अनलाइनबाट फारम भर्न सर्वसाधारणलाई गाह्रो हुँदै आएको छ । परिचयपत्रका लागि आवेदन फाराम भर्दा १६ वर्ष उमेर पुगेका र नेपाली नागरिकताको प्रमाणपत्र पाएका नागरिकले नाम, थर, जन्ममिति, लिङ्ग, आमाबाबुको नाम, ठेगाना, नागरिकताको किसिम, पति र पत्नी नाम, बाजेको नाम उल्लेख गर्नुपर्छ । यस्तै फारममा औंलाछाप (१० वटा), आँखाको नानी, तस्वीर, राष्ट्रियता र हस्ताक्षर उपलब्ध गराउनुपर्छ । सरकारबाट नेपाली नागरिकलाई प्रदान गर्ने सेवा-सुविधालाई राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध गर्नाका साथै सो प्रणालीबाट प्राप्त हुने तथ्याङ्क तथा अभिलेख नीति एवं योजना निर्माणमा प्रयोग हुनेछ । यसले व्यक्तिको राष्ट्रिय पहिचानपत्र र मतदाता परिचयपत्रका रूपमा काम गर्ने सबै किसिमका सार्वजनिक सेवा प्राप्त गर्ने आधार दिनेछ । सामाजिक सुरक्षा कार्डका रूपमा यही कार्ड प्रयोग हुनेछ । यसले सुरक्षा व्यवस्थापनका लागि सहयोगी अभिलेखको काम गर्नेछ । अन्य सार्वजनिक सेवासँग राष्ट्रिय परिचयपत्र प्रणालीलाई आबद्ध गरेपछि सार्वजनिक सेवा प्रदायक निकायले झन्झटरहित, छोटो समय र कम लागतमा सेवा प्रदान गर्न सम्भव हुनेछ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले जन्म, मृत्यु, बसाइँसराइ तथा अन्य कारणबाट व्यक्तिगत सूचनामा परिवर्तन भएमा सोहीअनुसारको अभिलेख व्यवस्थापन गर्ने प्रणालीको स्थापना तथा विकास गरेको छ । राष्ट्रिय परिचयपत्रनंरराष्ट्रियपरिचयपत्रलाई बहुउपयोगी प्रणालीका रूपमा सरकार र सरकारबीच (जिटुजी), सरकार र व्यवसायीबीच (जिटुबी) र सरकार र नागरिकबीच (जिटुसी) सेवा प्रदान गर्न उपयोग हुनेछ ।

# भकिम्लीमा 'बर्थिङ सेन्टर' बन्ने

पोखरापत्र संवाददाता
म्याग्दी २ चैत

म्याग्दीको बेनी नगरपालिका-३ भकिम्लीमा सुरक्षित सुत्केरी केन्द्र (बर्थिङ सेन्टर) निर्माण हुने भएको छ । 'वानहर्ट वल्डवाइड' नामक संस्था र बेनी नगरपालिकाको सहकार्यमा रु ४५ लाखका लागतमा उक्त केन्द्र बन्न लागेको हो ।

अत्याधुनिक उपकरणसहितको जिल्लाकै नमूना बर्थिङ सेन्टर बनाउने योजनासहित नगरपालिकासँग सम्झौता गरिएको बेनी-३ भकिम्लीका वडाध्यक्ष पदम पुनले जानकारी दिनुभयो । "बर्थिङ सेन्टरका बनाउन बेनी नगरप्रमुख हरिकुमार श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत धोलकराज ढकाल र वानहर्ट वल्डवाईड नामक संस्थाका प्रतिनिधि उपेन्द्र चन्दबीच सम्झौता भएको छ", उहाँले भन्नुभयो ।

भवन अभावमा स्वास्थ्य केन्द्रको सानो कोठामा सुत्केरी सेवा उपलब्ध गराउँदै आएको स्वास्थ्यचौकीका अन्य सेवा प्रभावित भइरहेका अवस्थामा नयाँ भवन बनेपछि सेवामा थप सहजता हुने जनाइएको छ । "भवन अभावमा स्वास्थ्य केन्द्रको सानो कोठामा सुत्केरी सेवा दिनुपर्ने बाध्यता थियो, अब सहज हुनेछ", अध्यक्ष पुनले भन्नुभयो । उहाँले बर्थिङ सेन्टरका लागि सुत्केरी गराउने, स्वास्थ्यकर्मी बस्ने, 'वेटिङ'मा बस्ने र हलसहितको भवन निर्माण गरिने जानकारी दिनुभयो ।

बेनी नगरप्रमुख श्रेष्ठले सुरक्षित प्रसूति सेवाका लागि थप स्रोत साधनको कमी हुन नदिने बताउनुभयो । भकिम्लीमा प्रसूति लागि दक्ष जनशक्ति भएकाले भवन बनेपछि सहज हुने स्वास्थ्यचौकीले जनाएको छ । स्वास्थ्यचौकी जीर्ण हुँदा झरीमा छाता ओढेर उपचार गर्नुपर्ने बाध्यता छ । वनहार्ट वल्डवाइडद्वारा जिल्लामा मातृ तथा नवजात शिशुका लागि सुरक्षा सञ्जाल परियोजना सञ्चालन गरिरहेको छ ।

# रिट निवेदन खारेज

रासस
काठमाडौं २ चैत

सर्वोच्च अदालतको संवैधानिक इजलासले नागरिकता अध्यादेशविरुद्ध परेको रिट निवेदन खारेज गरेको छ । कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्की, न्यायाधीशहरु मीरा खड्का, हरिकृष्ण कार्की, ईश्वरप्रसाद खतिवडा र डा आनन्दमोहन भट्टराईको इजलासले बुधबारउक्त रिट निवेदन खारेज गर्ने फैसला गरेको हो । तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले २०७८ जेठ ९ गते अध्यादेश जारी गरेको थियो ।

# जहाजका पर्खाइमा बलेवा विमानस्थल

–खेमराज गौतम
म्याग्दी, २ चैत

लामो समयदेखि बन्द रहेको विमानस्थल सञ्चालनमा आउने आश पलाएको छ। २८ वर्षदेखि नियमित उडान हुन नसकेको बागलुङको बलेवा विमानस्थलको धावनमार्ग कालोपत्रसँगै अब विमानस्थलमा कहिले जहाज उड्ला भन्ने आशामा छन् यहाँका स्थानीयवासी।

विसं २०७७ फागुनमै कालोपत्र सक्ने गरी नागरिक उडड्यन प्राधिकरणले ठेक्का सम्झौता गरे पनि एक वर्षपछि मात्रै विमानस्थलको धावनमार्ग कालोपत्र सम्पन्न भएको छ । कच्ची धावनमार्गका कारण बर्खामा हिलाम्मे र हिउँदमा धुलाम्मे भएका कारण विमानस्थल नियमितरूपमा सञ्चालनमा आउन सकेको थिएन । हवाई सेवाका लागि यात्रुको सुनिश्चितता हुँनासाथ विमानस्थलमा नियमित उडान गर्न सकिन्छ। कालोपत्र सम्पन्न भएको विमानस्थल हस्तान्तरणको प्रक्रियामा रहेको प्रधिकरणले जनाएको छ।

विमानस्थलको ७०० मिटर लम्बाइ तथा ३० मिटर चौडाइ धावनमार्ग कालोपत्रको काम सम्पन्न भएर हस्तान्तरणको प्रक्रियामा पुगेको निर्माणको जिम्मा पाएको काष्ठमण्डम उमा एण्ड कम्पनी जेभी बल्खुका प्रतिनिधि वासु थापाले जानकारी दिनुभयो । उहाँले धावनमार्गमा मार्किङबाहेक अन्य काम सम्पन्न भइसकेकाले हस्तान्तरणका लागि प्रक्रिया अगाडि बढाएको बताउनुभयो।

विमानस्थलको अबको समस्या भनेको यात्रु सुनिश्चितता र स्थानीयको पहलकदमी हो । स्थानीय र प्रदेश सरकारले चासो देखाएमा तत्कालै विमानस्थलमा जहाज चलाउन सकिने छ । विमानस्थलमा जहाज सञ्चालनका लागि नागरिक उडड्यन प्राधिकरणसँग नभएर एयरलाइन्ससँग आवश्यक समन्वय र सहजीकरण गर्न आवश्यक देखिन्छ । प्राधिकरणले निर्माण, जनशक्ति तथा प्राविधिक व्यवस्थापना गर्ने काम भएको र स्थानीय पालिका र प्रदेशले सहजीकरण गरे जहाज सञ्चालनका लागि कुनै समस्या नभएको प्राधिकरणका इञ्जीनियर मीनराज ओझाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो "लामो समय बलेवा विमानस्थल निर्माणमा खटिँदा जहाज चल्नेमा विश्वस्त छु, खासगरी स्थानीय तह र प्रदेशले एयरलाइन्ससँग समन्वय र सम्झौता गर्न सके प्राधिकरणले आफ्नोतर्फबाट सबै काम गर्ने छ।" विमानस्थललाई अल्टालाइटको सञ्चालनका रूपमा समेत विमानस्थलका प्राविधिकले हेर्दै आएका छन् । विमानस्थल हुँदै अल्टालाइटको माध्यमबाट बागलुङको ढोरपाटन, मुस्ताङको मुक्तिनाथ, पर्वतको बन्जी तथा अग्ला पुल र म्याग्दीको विभिन्न पर्यटकीयस्थल घुम्नका लागि निकै सम्भावना रहेको प्राधिकरणका इञ्जीनियर ओझाले बताउनुभयो । लामो समय बलेवामा बसेर विमानस्थल निर्माणमा खटिनुभएका उहाँले विमानस्थलबाट नजिकै रहेका पर्यटकीय गन्तव्यमा अल्टालाइटको माध्यमबाट अवलोकनसमेत गराउन सकिने उहाँको भनाइ छ।

विमानस्थल कालोपत्रसँगै नियमित हवाई उडानको अलवा अल्टालाइटको उडान गर्न सकिने उहाँले सम्भावना देख्नुभएको हो । उहाँका अनुसार यसअघि विमानस्थलबाट काठमाडौँमात्रै उडान गरिएको भए पनि अब भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा समेत जहाज चलाउन सकिने देखिएको छ । गौतमबुद्ध विमानस्थलमा विभिन्न देशबाट आएका साविक धौलागिरिका बागलुङ, पर्वत र म्याग्दीका नागरिक सोझै बलेवा विमानस्थल आउन सक्ने भएकाले विमानस्थल सञ्चालनमा महत्वपूर्ण आधार तयार भएको छ।

विसं २०७४ मा केही समय सञ्चालनमा आएको विमानस्थल कालोपत्र भएसँगै सञ्चालनका लागि समन्वयमा लागिरहेको छ। अहिले विभिन्न एयरलाइन्ससँग विमान उडाउनका लागि अनौपचारिकरूपमा छलफल भइरहेको बागलुङ नगरप्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो । उहाँले एयरलाइन्स सञ्चालक बलेवामा विमान सञ्चालनका लागि इच्छुक देखिएको बताउनुभयो।

"विमानस्थल सञ्चालनका लागि पहिला यती र नेपाल वायुसेवा निगमसँग सम्झौता गरेका थियौँ, केही समय विमानस्थल चल्यो पनि तर पछि कालोपत्रको काम सुरु गर्न विमानस्थल रोकिएको हो", उहाँले भन्नुभयो, "अहिले अन्य कम्पनीसमेत विमान सञ्चालनका लागि इच्छुक देखिएका छन् । भाडादर समायोजनका आधारमा हामी कम्पनीसँग सम्झौता गर्ने योजनामा छौँ ।" २८ वर्षदेखि बन्द रहेको सो विमानस्थल नगरपालिकाको संयोजनमा विसं २०७४ चैत ९ गतेबाट पुनः सञ्चालन आएको थियो । नेपाल एयरलाइन्स तथा तारा एयरलाइन्सका जहाजले केही महिना उडानसमेत भरेका थिए।

कालीगण्डकी करिडोरसँग जोडिएको विमानस्थल पुग्न बागलुङ बजारबाट जम्मा १२ किलोमिटर सडक कच्ची छ । कालीगण्डकी करिडोरको मालढुङ्गाबाट बलेवासम्मको सडक कालोपत्रका लागि अर्थ मन्त्रालयले बजेट सुनिश्चितता गरेसँगै सडकसमेत कालोपत्र हुने भए पनि विमानस्थल सञ्चालनका लागि सहज हुने क्षेत्र नं १ का सङ्घीय सांसद डा सूर्य पाठकले जानकारीदिनुभयो।

# बढ्न थाल्यो पर्यटकीय क्षेत्रमा चहलपहल

रासस
म्याग्दी, २ चैत

अन्नपूर्ण गाउँपालिका-६ स्थित म्याग्दीको प्रमुख पर्यटकीयस्थल घोडेपानी र पुनहिलमा पर्यटकको चहलपहल बढ्न थालेको छ।

कोरोना भाइरस सङ्क्रमणको बढ्दो जोखिमका कारण बन्द रहेको पर्यटकीय क्षेत्र खुला भएसँगै नेपाल घुम्न आउने आन्तरिक तथा विदेशी पर्यटकको सङ्ख्या बढ्न थालेको छ। विदेशी पर्यटक आउने क्रम बढेसँगै पर्यटकीय क्षेत्र पनि चलायमान हुन थालेका छन् । पर्यटकको सङ्ख्या बढेपछि कोरोना भाइरस सङ्क्रमणको जोखिमका कारण सङ्कटमा परेका होटेल तथा पर्यटन व्यावसायीमा आशा पलाएको छ।

कोरोना भाइरस सङ्क्रमणको बढ्दो जोखिमसँगै विसं २०७७ चैत महिनादेखि घोडेपानी पुनहिल क्षेत्र सुनसान भएको थियो । अघिल्ला दुई वटा वसन्त र शरद ऋतुको याम कोरोना भाइरस सङ्क्रमणले सुनसान बनाएको थियो । घोडेपानी टोल सुधार समितिका अध्यक्ष वीरेन गर्बुजाले दुई वर्षपछि विदेशी पर्यटक आउन थालेका बताउनुभयो । "वसन्त ऋतुको सुरुवातसँगै घोडेपानी र पुनहिल भ्रमणमा आउने पर्यटकको चहलपहल बढेको छ", उहाँले भन्नुभयो "केही दिनयता दैनिक १५ जनाको हाराहारीमा विदेशी र ५० जनाको हाराहारीमा आन्तरिक पर्यटक यहाँ आएका छन् ।" पर्यटक आगमन बढ्न थालेकोमा खुसी लागेको उहाँको भनाइ छ। अध्यक्ष गर्बुजाका अनुसार वसन्त ऋतुको समयलाई पर्यटक आउने मौसमको रूपमा लिइन्छ । यो समयमा यहाँको पर्यटकीय क्षेत्रहरूमा भिड लाग्ने गर्छ। व्यवसायीले पनि राम्रो आम्दानी गर्छन्। तर, कोरोना भाइरस सङ्क्रमणको जोखिम बढेसँगै विगत दुई वर्षदेखि होटेल तथा पर्यटन व्यवसाय धरापमा परेको छ। यस वर्षदेखि भने पर्यटकको सङ्ख्या बढ्दै जाने र होटेल तथा पर्यटन व्यवसायमा थप सहजता आउने अनुमान गरिएको छ । कोरोना भाइरस सङ्क्रमणको बढ्दो जोखिमका कारण थला परेको व्यवसायमा बिस्तारै चहलपहल बढ्न थालेको उहाँले बताउनुभयो। "पछिल्लो समय विदेशी पर्यटकको सङ्ख्या बढ्न थालेको छ", उहाँले भन्नुभयो, "लामो समय बन्द रहेको होटेल तथा पर्यटन व्यवसायले लय समात्दै छ। फागुन लागेसँगै विदेशी पाहुनाको सङ्ख्या बढेको छ ।" उहाँले विदेशीको सङ्ख्या अझै बढ्ने बताउनुभयो। उहाँका अनुसार हाल आइरहेका विदेशी पर्यटकको सङ्ख्या र विगतका वर्षमा आउने विदेशीको सङ्ख्या भन्दा निकै कम हो ।" कोरोना भाइरस सङ्क्रमणको जोखिम कम हुँदै गएकाले होटेल व्यवसायीहरू पर्यटकको सङ्ख्या बढ्ने आशामा छन् । समुद्री सतहदेखि तीन हजार २०० मिटर उचाइमा रहेको पुनहिलबाट सूर्योदय, हिमाल र लालीगुराँसको जङ्गल अवलोकन गर्न आउने पर्यटक घोडेपानीमा बास बस्ने गर्छन् । अन्नपूर्ण चक्रीय पदमार्गको प्रमुख गन्तव्य घोडेपानी समुद्री सतहदेखि दुई हजार ८०० मिटरको उचाइमा अवस्थित छ। घोडेपानीदेखि ३० मिनेट उकालो हिँडेपछि पुनहिल पुग्न सकिन्छ । चैत-वैशाख महिनामा यहाँका वरपरका पाखामा फूलेका लालीगुराँसको पृष्ठभूमिमा धौलागिरि, अन्नपूर्ण, निलगिरि, गुर्जा, मनास्लु, माछापुच्छे, मानापाथीलगायत १६ वटा हिमालको अवलोकन गर्न सकिन्छ। यस क्षेत्रमा १६ प्रजातिका लालीगुराँस पाइन्छ । घोडेपानी होटल व्यवस्थापन उपसमितिका अध्यक्ष मीना पुनले आफू पर्यटकको पर्खाइमा रहेको बताउनुभयो । स्वदेशी पर्यटकलाई आकर्षित गर्न सहुलियतको व्यवस्था मिलाएको उहाँले बताउनुभयो। उपसमितिको बैठकले घोडेपानीमा रहेका २७ वटा होटललाई सुविधा र पूर्वाधारको आधारमा दुई समूहमा वर्गीकरण गरेको छ। ११ होटललाई (क) र १६ लाई (ख) समूहमा वर्गिकरण गरेर फरक-फरक दररेट बनाइएको हो। एक रात बास बसेको, बेलुकाको खाना, बिहानको खाजासहित रु ९५० देखि एक हजार ६०० को प्याकेज बनाएका हुन् । यसअघि सबै होटलहरूले प्रतिव्यक्ति एक रात बास बसेको, बेलुकाको खाना र बिहानको खाजाको रु एक हजार ५०० शुल्क लिने गरेका थिए । घोडेपानीका होटलमा दैनिक एक हजारभन्दा बढी बास बस्न सक्छन्। फागुन २८ गतेको बैठकले गरेको होटल वर्गीकरण र शुल्कको नयाँ दररेट २०७८ चैत १ गतेदेखि लागू हुने उपसमितिका अध्यक्ष पुनले बताउनुभयो।

# अग्नि नियन्त्रणका सामग्रीहरू सहयोग

रासस
बेनी, २ चैत

डिभिजन वन कार्यालय म्याग्दीले जिल्लास्थित सुरक्षा निकायलाई अग्नि नियन्त्रणका सामग्रीहरू प्रदान गरेको छ।

हिउँदयाममा हुन सक्ने डढेलो नियन्त्रणका लागि खटिने सुरक्षाकर्मीका लागि कार्यालयले नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनालाई रु दुई लाख मूल्य बराबरको अग्नि नियन्त्रण सामग्रीहरू सहयोग गरेको हो । कार्यालयले मङ्गलबार आयोजना गरेको डढेलो नियन्त्रणसम्बन्धी जिल्लास्तरीय गोष्ठीका अवसरमा कार्यालयका प्रमुख मनोज रानाभाट, जिल्ला समन्वय समितिका प्रमुख देवेन्द्रबहादुर केसी, प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी राना, प्रमुख हरिकुमार श्रेष्ठले जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रनाउ श्यामकुमार राई, सशस्त्र प्रहरी बल गलेश्वरका प्रनाउ हरिबहादुर गुरुङ र श्रीबक्स गुल्म अर्थुङ्गेका मेजर केशव सिलवाललाई उक्त अग्नि नियन्त्रणका सामग्री प्रदान गरिएको थियो । कार्यालयले सोटर, मोजा, पञ्जा, सिम्पल क्याप मास्क, साबेल, फुलब्यालक लेदर बुट, सेप्टी हेलमेट, कटन जम्प सुट, रेक हो विथ आइरन हेन्डल, ब्याक ब्याग फायर एकस्टिङ्गुड स्प्रेयर लगायतका रु दुई लाख मूल्य बराबरको अग्नि नियन्त्रण सामग्रीहरू प्रदान गरेको सहायक डिभिजन वन अधिकृत नरबहादुर क्षेत्रीले जानकारी दिनुभयो।

फागुनदेखि जेठ महिनासम्म डढेलोको जोखिम हुने भएकाले सर्वसाधारण नागरिक, वन उपभोक्ता, सुरक्षा निकाय, स्थानीय तहका जनप्रतिनिधिलगायत सबै सचेत र सतर्क बन्नुपर्नेमा कार्यक्रमका सहभागिले जोड दिएका छन् । म्याग्दीमा हरेक वर्ष वन डढेलोको घटना बढ्दै गएकाले आवश्यक सावधानी र सतर्कतासँगै सचेतना जगाउनुपर्नेमा उनीहरूले जोड दिएका हुन् । उनीहरूले मानवीय अज्ञानता, असावधानी र दुराशययुक्त क्रियाकलापकका कारण डढेलो लाग्ने गरेको बताउँदै आगलागीले निम्तने खतरा र त्यस्ता घटनामा संलगनलाई हुने कारबाही बारेमा समेत सचेतना अभिवृद्धि गर्न सके घटना न्यूनीकरणमा सहयोग पुग्ने बताउनुभयो । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख देवेन्द्रबहादुर केसीले वनमा डढेलो लगाउनेको पहिचान गरी कानुनी कारबाही गर्न सकेमा मानवीय लापरबाहीले हुने डढेलो नियन्त्रण गर्न सकिने बताउनुभयो। उहाँले डढेलो लाग्नै दिन नहुने र लागी हालेमा पनि सम्बन्धित सरोकारवालाको नेतृत्वमा मानिस, बस्ती र जङ्गललाई जोगाउने काममा समन्वय हुनुपर्नेमा जोड दिनुभयो।


**Government of Nepal**
**Ministry of Agriculture and Livestock Development**
**Department of Livestock Services**
## National Livestock Breeding Office
**Pokhara, Kaski**

## Invitation for Bids

**IFB No: NLBO/078-79/9**
**Date of publication: 2078/12/03**

National Livestock Breeding Office, Pokhara, Kaski invites online bids for SQ Contracts under e-procurement system from eligible bidders for the Procurement/Construction of Various Projects mentioned below;

| IFB No. | Contract ID No. | Description and location of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Estimate Amount Without VAT and with PS (NRs.) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| NLBO/ 078-79/9.1 | NLBO/SQ/W/ 078-79/16 | Construction of Semen Pass Room in Lab, NLBO | 1,000.00 | 23,500.00 | 797041.57 | 75 days |

Purchase, Submission and Opening:

| Contract | Pre-Bid Meeting | | Purchase of Bid | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | Date | Time |
| For SQ | NA | NA | Till, March-31, 2022 | Within office Hours | Till, April-01, 2022 | Till 12:00 | Till, April-01, 2022 | 13:00 |

| Bank Name | Name of Office | Revenue Account No. | Deposit Account No. |
|---|---|---|---|
| Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski | National Livestock Breeding, Office, Pokhara, Kaski Contact: 061-505389 (www.nlbo.gov.np) email: nlbc.pokhara@gmail.com Office Code: 312023902 | Acc. No. 1000100200010000 Revenue Code: 14229 | 3020100102030000 (Ko.Le.Ni.Ka.Kaski) |

1. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (10th Amendment, 2076).
2. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website http://bolpatra.gov.np/egp, as specified in the Bidding data sheet for provision of E-Bidding. Bidders should deposit the equivalent fee for bidding document in the above Revenue Account within the date and time specified above. Bids submitted in hardcopy for NCB contract shall not be accepted.
3. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
4. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website

**NLBO, Chief**



## Shree TribhuwanAdarsha Secondary School
Putalibazar Municipality Ward No.-1
Gandaki Provience,Syangja, Nepal

## Notice for the Letter of Intent

**(First Publication Date: 2078/12/03)**

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the contract identification below as per the Invitation for Bids Published in the National Daily Newspaper Pokhara Patra Rastraya Dainik on 28th Jan 2022(14 Magh 2078), that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract.

| S. N. | Contract ID No. | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. With VAT and PS |
|---|---|---|---|
| 1 | 01/TASS/WORKS/NCB/078/079 Construction of RCC Two Storey School Building of Tribhuwan Adarsha Secondary School-Syangja | M/S Satya Nirman Sewa Syangja | Nrs 7781426.32 |

**Headmaster**
**Tribhuwan Adarsha Secondary School**